<u>विपद् उत्थानशील युवा महिला उद्यमी परियोजना नवलपरासी पश्चिम र गोर्खा</u>

# तरकारी बीउ र कृषि सामग्री खरिदका लागि सिलबन्दी दरभाउ पत्र आह्वान

## Terms of Reference (TOR)

### परिचय :

सहमति र लुथरन वर्ल्ड रिलिफको साझेदारीमा विपद् उत्थानशील युवा महिला परियोजना नवलपरासी बर्दघाट सुस्ता पश्चिमका प्रतापपुर र सुस्ता गाउँपालिका तथा गोर्खा जिल्लाको पालुङ्गटार नगरपालिका र शहिद लखन गाँउपालिकामा सञ्चालित छ । परियोजना विगतको समयमा गरिएका असल अभ्यासहरुको निरन्तरता र दिगोपना एवं १६ देखी ४० वर्ष उमेर समुहका युवाहरुलाई केन्द्रित गरी यो परियोजना सुरु गरिएको हो । युवाहरुलाई सीप विकास गराई उद्यम स्थापनामा सहयोग र सहजीकरण गर्ने लक्ष्य राखेको छ । विभिन्न विपद् र प्रकोपका कारण प्रभावित समुदायका लागि विपद् उत्थानशील उद्यमहरुमा लाग्न उत्प्रेरित गरी स्थानीय सरकारसँग समेत सहकार्य गर्दै कार्यसहभागिताको अपेक्षा राखेको छ । साथै यस परियोजनाको स्थानीय सामुदायिक विपद व्यवस्थापन समिति तथा जिल्ला विपद व्यवस्थापन समितिहरुको क्षमता विकास, सहकारीहरुको संस्थागत विकासमा समेत सहयोग गर्ने, उद्यमीहरुबाट उत्पादित कृषि तथा गैर कृषिजन्य उपजहरुको बजारीकरणका लागि बजार केन्द्रहरुको प्रवर्द्धन र विकास गर्ने, स्थानीय कृषि उपजहरुको प्रशोधन र ब्राण्डिंग गर्न सहजीकरण गर्ने, उद्यमीहरुको उद्यम दर्ता र स्थापनामा सहयोग गरी वित्तिय सेवामा पहुँच पुर्‍याउने एवं उद्यम विकास र बजारीकरणमा नीजि क्षेत्रको सहभागिता प्रवर्द्धन गर्ने उद्देश्य रहेको छ ।

व्यवसायिक कृषि उत्पादनको क्षेत्रमा हाल व्यवसायिक तरकारी कृषकहरुकै सहभागितामा उत्पादन, प्रबर्धन तथा बजारीकरण गर्ने लक्ष्य रहेकाले परियोजनाले कार्यक्षेत्रका ईच्छुक कृषकहरुका लागि तरकारीको बीउ तथा कृषि सामग्री खरिद गरि सहयोग गर्ने लक्ष्य रहेकाले बीउ उत्पादन तथा कृषि सामग्री बिक्रि वितरणका लागि नेपाल सरकारवाट इजाजत प्राप्त इच्छुक फर्म, सप्लायर्स, कम्पनी तथा सेवा प्रदायकहरुको निम्नशर्तहरुको अधीनमा रहि तोकिएको म्यादभित्र पेश गर्ने गरि सिलबन्दी बोलपत्र आह्वान गरिन्छ ।

### शर्तहरु :

१. नेपाल सरकारबाट इजाजत प्राप्त तथा सम्बन्धित क्षेत्रमा अनुभव भएका निजी/सावर्जनिक फर्म तथा संस्थाले यो बोलपत्रको लागि योग्य हुनेछ ।

२. अनुसूचीमा भएका बीउको गुणस्तर, जात र परिमाण एवं कृषि सामग्री सम्बन्धी विस्तृत विवरण खुलाई प्रतिइकाई दररेट पेश गर्नुपर्ने छ ।

३. आपूर्तिकर्ताले उल्लेखित परियोजना कार्यक्षेत्रसम्म सामग्रीहरु ढुवानी सेवा दिन सक्ने भएमा ढुवानीको दरभाउ खुलाई स्पष्ट उल्लेख गर्नु पर्ने छ ।

४. कम्पनी/फर्म/अधिकृत बिक्रेताले बोलपत्र आह्वानको सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र बोलपत्र पेश गर्नु पर्ने छ । म्याद नाघी वा रीत नपुगी दाखिला भएको बोलपत्र उपर कुनै कार्वाही हुने छैन ।

५. बोलपत्रदर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेका दिन उपरोक्त बमोजिमका समयमा नै बोलपत्र दर्ता गर्न सकिनेछ ।

६. बोलपत्र कागजातको मूल्यअंकित सूचीमा उल्लेख गरेको दररेट अंक र अक्षरमा स्पष्ट लेखिएको हुनु पर्नेछ, केरमेट भएको हुनु हुँदैन । कथंकदाचित् अंक र अक्षरमा फरक देखिएमा अक्षरलाई मान्यता दिइनेछ । कुनै शर्त राखेको वा दररेट सम्बन्धि अधुरो रहेको बोलपत्र स्वत: रद्द हुनेछ ।

७. आवश्यक परेको खण्डमा कम्पनी/फर्म/अधिकृत बिक्रेतालाई प्रस्ताव मञ्जुर गर्नु भन्दा अगाडि संशोधन गर्न भन्न सकिनेछ ।

८. छनौट भएको कम्पनी/फर्म/अधिकृत बिक्रेता सँग वार्षिक सम्झौता गरिनेछ ।

९. बोलपत्रको सम्पूर्ण कागजातमा प्रोप्राईटर वा अख्तियार प्राप्त व्यक्तिले सही गरी कम्पनीको छाप लगाएको हुनुपर्नेछ।

१०. **पेश गर्नुपर्ने आवश्यक कागजातहरू :**

क. विस्तृत र स्पष्ट रूपमा दररेट उल्लेखित अनुसूचीमा उपलब्ध फारम

ख. फर्म दर्ताको प्रमाणपत्र तथा नवीकरणको प्रतिलिपि

ग. पान तथा मूल्य अभिवृद्धि कर दर्ता तथा पछिल्लो आर्थिक वर्षको चुक्ता कर प्रमाणपत्रको प्रतिलिपि

घ. बोलपत्र बुझाएको निबेदन

**११ आवश्यक तरकारीको बीउ एवं कृषि सामग्रीको परिमाण**

| क.स. | बीउको नाम | बीउको जात | इकाई | अनुमानित आवश्यक परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १ | काउली | सिल्भर कप ६० | ग्राम | ५७५ | |
| २ | बन्दा | ग्रिन कोरोनेट | ग्राम | ४६० | |
| ३ | मुला | मिनो अर्ली | ग्राम | ४६०० | |
| ४ | बोडी | खुमलतने बोडी | किलो | १६ | |
| ५ | रायो | खुमल चौडापाते | ग्राम | २३० | |
| ६ | भण्टा | पुसा पर्पल लङ्ग | ग्राम | ६२० | |
| ७ | गोलभेडा | ऋविनाश | ग्राम | ९२० | |
| ८ | खुर्सानी | ज्वाला | ग्राम | ९२० | |
| ९ | ब्रोकाउली | ग्रिन स्पाउटिङ्गक | ग्राम | १००० | |
| १० | अकबरे खुर्सानी | | ग्राम | ५०० | |
| | **कृषि सामग्रीहरु** | | | | |
| १० | स्प्रे पम्प विषादी छर्ने Knapsack sprayer | | थान | ८० | |
| ११ | क्रेट Plastic creat | | थान | २०० | |
| १२ | नर्सरी ट्रे Nursery Try | | थान | १६० | |
| १३ | UV Plastic 120 GSM | | थान | १० | |

नोट : खरिद गरिने सामग्रीहरुको परिमाण थप घट हुन सक्नेछ।

१२. **गुणस्तरिय बीउमा तपशिलमा उल्लेखित गुणहरु भएको हुनुपर्नेछ :**

१. बीउको शुद्धता/ बीउमा मुलभूत जातीय गुण भएको /बीउमा अन्य जात र अन्य बालीको बीउ मिसिएको हुनुहुदैन ।

२. बीउमा उच्च उमारशक्ति, उमारशक्ति र उच्च अंङ्कुरण क्षमता भएको हुनुपर्नेछ ।
३. बीउजन्य रोग तथा कीरावाट बीउ पूर्णतया मुक्त हुनुपर्नेछ ।
४. बीउमा उमारशक्ति सँगै उच्च बृद्धिदर र विकास क्षमता भएको ।
५. बीउलाई हेर्दा कुनै पनि प्रकारका दाग, धब्वा र कमजोरी देखा नपर्नुका साथै बीउ स्वस्थ र चम्किलो हुनुपर्नेछ ।
६. सबै बीउ एकै आकार र तौलको हुनु पर्नेछ । जसले गर्दा सजिलै सँगै बीउ छर्दा एकैनासको विरुवा उमार्न सकियोस ।
७. सरकारी स्तरवाट तोकिएको बीउमा हुनुपर्ने उचित मापदण्ड ।

१३. बोलपत्र छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सम्बन्धित संस्थाहरुमा निहित हुनेछ ।

उल्लेखित दरभाउ पत्र सिलबन्दी खाममा “ **तरकारीको बीउ तथा कृषि सामग्री** ” लेखी मिति २०८०/०३/०७ गते तदनुसार 22nd June, 2023 बेलुका ५:०० बजेभित्र परियोजना तथा सहमति सम्पर्क कार्यालय, कुडिया सुस्ता २ नवलपरासी एवं शहिद लखन गाँउपालिका वडा नं रामशाहघाट गोर्खा वा सहमति केन्द्रिय कार्यालय, गैंडाकोट ५, नवलपरासीमा हुलाक/कुरियर मार्फत बुझाउन सकिनेछ ।

सामाग्रीहरुको विवरण र परिमाण TOR/Bidding documents सम्बन्धित संस्थाको कार्यालयको ईमेल : procurement@sahamati.org वा संस्थाको वेभसाइटः http://sahamati.org.np-with-us/notice/बाट प्राप्त गर्न सकिनेछ ।

सिलबन्दी दरभाउपत्र खोल्ने, मूल्याङ्कन तथा आपूर्तिकर्ता छनौट गर्ने सम्बन्धी सम्पूर्ण अधिकार सम्बन्धित संस्थामा निहित रहनेछ ।

2058
SAHAMATI

LUTHERAN WORLD RELIEF

## अनुसूचि - १ तरकारी बीउको जात एवं कृषि सामग्रीको दर भाउ तथा मुल्य सूचि

| क्र.स. | विवरण | अनुमानित आवश्यक परिमाण | जात तथा ब्राण्ड | ईकाई | प्रति ईकाई मुल्य अकंमा कर सहित | प्रति ईकाई मुल्य अक्षरमा कर सहित | कैफियत |
|---|---|---|---|---|---|---|---|
| **क** | **तरकारीको बीउ विजन** | | | | | | |
| १ | काउली Couliflower | ५७५ ग्राम | Sliver cup -60 सिल्भर कप ६० | ५० ग्राम | | | |
| २ | **बन्दा** Cabbage | ४६० ग्राम | ग्रिन कोरोनेट | ५० ग्राम | | | |
| ३ | **मुला** Radish | ४६०० ग्राम | मिनो अर्ली | ५० ग्राम | | | |
| ४ | **बोडी** Cowpea (bodi) | १६ किलो | खुमल तने बोडी | प्रति किलो | | | |
| ५ | **रायो साग** Leaf Mustard Greens | २३० ग्राम | खुमल चौडापाते | ५० ग्राम | | | |
| ६ | **गोलभेडा** Tomator | ६२० ग्राम | अविनाश | ५० ग्राम | | | |
| ७ | **भन्टा** Brinjal | ९२० ग्राम | पुसा पर्पल लङ्ग | ५० ग्राम | | | |
| ८ | **खुर्सानी** Chilli | ९२०ग्राम | ज्वाला | ५० ग्राम | | | |
| ९ | **ब्रोकाउली** Broccoli | १००० ग्राम | ग्रिन स्पाउटिङ्गक | ५० ग्राम | | | |
| १० | **अकबरे खुर्सानी** | ५०० ग्राम | | ५० ग्राम | | | |
| **ख** | **कृषि सामग्रीहरु** | | | | | | |
| ११ | **स्प्रे पम्प विषादी छर्ने** **Sprayer- Power Insecticide (Knapsack sprayer)** इलेक्ट्रिक र हाते पम्प दुवै सुविधा रहेको (Electric Battery | ८० थान | | प्रति थान | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | Operated and manual 2 in 1) with safety equipment's<br>**Capacity :** 16 liter<br>**Brand :** | | | | | | |
| ११ | **क्रेट Plastic creat**<br>Heavy duty plastic frame.<br>Dimension: l*b*h= 540*355*290 mm<br>Brand: | २०० थान | | प्रति थान | | | |
| १२ | **नर्सरी ट्रे Nursery Try** | १६० थान | | प्रति थान | | | |
| १३ | **UV Plastic**<br>6 M width<br>12 M Length<br>120 GSM<br>Multilayered | १० थान | | प्रति थान | | | |
| | | | | | | | |

नोट : खरिद गरिने सामग्रीहरुको परिमाण थप घट हुन सक्नेछ।

नाम : हस्ताक्षर : छाप : मिति :